☎९८६५६४२३६५ (प्रमुख)
☎९८४८६४४७९१ (उप-प्रमुख)
☎९८५८०७१७४४ (प्र.प्र.अ.)

त्रिवेणी नगरपालिका
**Triveni Municipality**
नगर कार्यपालिकाको कार्यालय
**Office of the Municipal Executive**
तोली, बाजुरा (सुदूरपश्चिम प्रदेश, नेपाल)
Toli, Bajura (Sudurpashchim Province, Nepal)

प सं: ०८३/०८४ मिति: २०८३।६।२१
च नं:

## प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना
## प्रथम पटक प्रकाशित मिति: २०८३/०६/२१

कृषि खाद्य प्रणालीका लागि नविकरणीय उर्जा (RERAS) परियोजना अन्तर्गत नेपाल सरकार र संयुक्त राष्ट्र संघीय कार्यक्रमको संयुक्त पहलमा, नर्वे सरकार तथा फिनल्याण्ड सरकारको आर्थिक सहयोगमा संचालित कृषि खाद्य प्रणालीको लागि नविकरणीय उर्जा परियोजना अन्तर्गत दायित्व संस्थाले उद्यमशिलता विकास सम्बन्धि कार्यक्रम कार्यान्वयन गर्नका लागी त्रिवेणी नगरपालिका वाजुरामा नयाँ उद्यम शुरुवात र चलिरहेको व्यवसाय बृद्धि कार्यक्रम संचालन गर्ने भएकोले यस कार्यक्रमबाट पालिकाका उद्यमीहरुसंग कार्यक्रम संचालन गरी बलियो उद्यमी संयन्त्र निर्माण तथा समावेशी स्थानीय आर्थिक बृद्धि हासिल गर्ने लक्ष्य राखेको हुनाले ईच्छुक व्यक्ति तथा समुहहरुले तपसिलको लक्षित बर्ग र माग बमोजिम सम्बन्धित वडाको वडा कार्यालय वा नगरपालिकाको उद्यम विकास शाखामा आवश्यक कागजात सहित मिति २०८३/७/१० गतेभित्र प्रस्तावना पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

६।२१
धर्म वहादुर खडायत
नि.प्रमुख प्रशासकिय अधिकृत

**लक्षित बर्ग तथा मागहरुः**

१. नयाँ उद्यम शुरुवातका लागी व्यवसाय विचार वा अवधारणाको तहमा रहेका तर संचालनमा नआएका उद्यम शुरु गर्न चाहने ईच्छुक व्यक्तिहरु।
२. चलिरहेको ब्यवसाय बृद्धि : कम्तिमा १ बर्ष देखी संचालनमा रहेका, आम्दानी गरि रहेका र व्यवसाय बृद्धिको बाटोमा जान चाहने साना तथा मझौला उद्योगहरु।
३. लक्षित ब्यक्ति/उद्यमका क्षेत्रहरुः कृषि प्रणाली र नवीकरणीय उर्जासंग सम्बन्धित उद्यम/उद्यमीहरुलाई प्राथमिकताका साथै स्थानीय बजारको आवश्यकता र मागलाई सम्बोधन गर्ने अन्य उद्यमहरु।

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

१. आवेदन फारम/व्यवसायिक योजना सहित
२. नागरिकताको प्रमाणको प्रतिलिपी १ प्रति।
३. ब्यवसाय दर्ता प्रमाणपत्र भएमा।
४. व्यवसायसंग सम्बन्धित तालिम प्रमाण पत्र।

*नोटः- थप जानकारीका लागी (RERAS) उद्यम विकास कोच, सम्पर्क ९८६०९०१६४६*

Email :ito.trivenimun@gmail.com

CamScanner